# सर्वोच्च अदालत
# काठमाडौं ।

## बोलपत्र आह्वानसम्बन्धी सूचना

( सूचना प्रकाशित मिति : २०६८।९।१५)

यस अदालतमा तपसिलमा उल्लेख भए अनुसारको कार्य गराउनुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त कम्पनी/फर्महरुबाट आफ्नो योग्यताको प्रमाणहरु संलग्न राखी निम्न सर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र फर्म रु. १,००० तिरेर (फिर्ता नहुने) सर्वोच्च अदालत योजना तथा भौतिक प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्रदाताको ग्राह्यताका आधार तथा त्यस्तो आधार प्रमाणित गर्न देहायका कागजातहरुको प्रमाणित प्रतिलिपि बोलपत्र साथ पेस गर्नुपर्नेछ ।

(क) आ.व. २०६८।०६९ सम्म मान्य भएको फर्म दर्ता प्रमाणपत्र (ख) व्यवसाय दर्ताको इजाजतपत्र (ग) VAT दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता (PAN Number) प्रमाणपत्र (घ) आ.व. २०६७०६८ सम्मको आन्तरिक राजश्व विभागबाट कर चुक्ता (Tax Clearance) वा कर विवरण पेस गरेको कागजात (ङ) बोलपत्रदाताले निर्माण कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित निर्माण कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेसा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखितरुपमा गरेको घोषणाको सक्कल प्रति ।

३. सिलबन्दी बोलपत्र, सूचना गोरखापत्रमा प्रकाशित भएका मितिले ३० दिनभित्र खरिद गरी ३१ औं दिन दिनको १२:०० बजेभित्र फर्मको नाम, ठेक्का नं., कामको विवरण र काम गर्ने स्थान समेत प्रस्टसँग उल्लेख गरी लाहाछाप लगाई यस अदालतमा दर्ता गराउनुपर्नेछ ।

४. यसरी दर्ता भएका सिलबन्दी बोलपत्रहरु सोही दिनको १४:०० बजे सम्बन्धित फर्महरुको प्रतिनिधिको रोहवरमा यस अदालतमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. सिलबन्दी बोलपत्रका साथ ने.रा.बैंक थापाथलीस्थित यस अदालतको नाममा रहेको धरौटी खाता नं. १३१२११ मा रु. ७२०००( बहत्तर हजार) जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस अदालतको नाममा जारी भएको बोलपत्र दाखिल गर्ने अन्तिम मितिबाट घटीमा १२० दिनको मान्य अवधि हुने जमानत (Bid Bond) सिलबन्दी बोलपत्रका साथ अनिवार्य रुपमा पेस गर्नुपर्ने छ ।

६. बोलपत्रदाताको बोलपत्रमा उल्लिखित कार्य विवरण (Bill of Quantity) को प्रत्येक आइटमका मूल्य अभिवृद्धि कर बाहेकको दर अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ ।

७. अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दरलाई मान्यता दिइनेछ ।

८. कुनै कारण जनाई वा नजनाई सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा सुरक्षित रहनेछ । रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

९. बोलपत्रसम्बन्धी पूर्व बैठक बोलपत्र दाखिला गर्ने अन्तिम दिनको १० दिन अगाडि यसै अदालतमा बस्नेछ ।

१०. ठेक्का सम्झौता भएको मितिले १ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी कार्य तालिका पेस गर्नुपर्ने छ ।

११. बोलपत्रसम्बन्धी अन्य आवश्यक कुराहरु बुझ्नुपरेमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१३ बोलपत्र सम्बन्धी सुचना यस अदालतको वेभसाईड www.Supremecourt.gov.npमा पनि हेर्न सकिनेछ ।

१३. सम्पर्क फोन नं. ०१-४२१८१६४, योजना तथा भौतिक प्रशासन शाखा, सर्वोच्च अदालत काठमाडौं ।

**तपसिल**

| ठेक्का नं. | कार्य विवरण | निर्माण कार्यको लागत अनुमान ( कन्टेन्जेन्सी र भ्याट बाहेक) |
|---|---|---|
| ६/०६८/०६९ | एनेक्स भवनमा पर्टिशन लगायतका निर्माण सम्बन्धी काम | २०८९५५८।९४ |